# 多言語情報コーナー　　（令和５年　６月号）

## (१)तोचिगी-प्रान्तको जन्मको १५० औं बार्षिकोत्सव बारे जानकारी !

तोचगी-प्रान्त  सन् १८७३ सालको जून १५ तारिकमा, त्यति बेलाको तोचिगी-प्रान्त र उचुनोमिया-प्रान्त एकीकृत भएर जन्मे देखि, यो बर्ष, १५० बर्ष पुगेकोछ।
सन् १८८४ सालमा, केन्च्योउ (प्रांतीय कार्यालय) उचुनोमिया सर्ने बेला सम्मको ११ बर्ष, उक्त प्रांतीय कार्यालय तोचिगी नगरमा अवस्थित थियो।
“तोचिगी” नामक प्रान्त, जुन पहिले प्रांतीय कार्यालय थियो, यहि तोचिगी नगरबाट आएको हो।
हालको तोचिगी नगरका साहित्य र कला संग्राहलय, तोचिगी (चुउओऊ) केन्द्रीय प्राथमिक विद्यालय, र तोचिगी प्रांतीय उच्च माध्यमिक विद्यालय रहेको क्षेत्र प्रांतीय कार्यालयको साइट थियो।
तोचिगी प्रान्तको १५० औं वार्षिक उत्सवको सम्झनामा, जून महिनाको १० तारिक शनिबारको दिन बिहान ९:३० बजे देखि ३:०० बजे सम्म, तोचिगी नगरद्वारा स्थापित कला संग्राहलय अगाड़ीको खुल्ला ठाऊँमा, एदो शैलीको पुतलीहरुको प्रदर्शनी गरिनेछ।
साथै, विहान ७ बजे देखि १० बजे सम्म, तोचिगी च्युउओउ प्राथमिक विद्यालयको प्रांगणमा, तातो हावा भरेका बेलूनहरु उड़ाऊने अनुभव गर्न सकिनेछ। तर, उक्त बेलूनमा चढ़नको लागि, नगरको होमपेज मार्फ़त अग्रिम रूपमा आरक्षण गर्न आवश्यक छ।
सबै विदेशी वासिंदाहरुलाई पनि, तोचिगी नगर नै तोचिगी प्रान्तको जन्मस्थल भएको नगरको इतिहास बारे जानकारी अवगत भएर, हालको यो तोचिगी नगर प्रतिको स्नेह अझ बढ़ोस भन्ने कामना गरिएकोछ।

## (२)फोहोरको उचित विभाजनको लागि अनुरोध बारे !

गत अप्रिल महिनाको ५ तारिक, इवाफुने माचिमा, नजल्ने फोहोर जम्मा गर्ने वाहन भित्र, प्वाल नपारिएको स्प्रे-क्यान् र ग्यासका क्यासेट बोतल राखिएको हुनसक्ने कारणले, उक्त फोहोर संकलन वाहनमा आगो लागेको घटना भएको थियो।

यि बर्षहरुमा, तोचिगी क्लीनिंग प्लाज़ामा, बर्ष भरिमा १०० पटक भन्दा बढ़ी आगलागीका घटनाहरु भएका छन्। यसको मुख्य कारण, साना रिचार्ज गर्न मिल्ने ब्याट्री र जलाउन नसकिने फोहोरमा मिसाइएको स्प्रे क्यान भएको मानिन्छ।

जब त्यस्ता आगलागीहरू हुन्छन्, फोहोर बोक्ने वाहनहरू र फोहोर प्रशोधन सुविधाहरू क्षतिग्रस्त हुन्छन् र फोहोरहरू प्रशोधन गर्न सक्दैनन्। साथै, त्यहाँ काम गर्ने कामदारहरु पनि गम्भीर दुर्घटनामा पर्ने हुने खतरा हुन्छ।

स्प्रे क्यान र क्यासेट ग्यास सिलिन्डरहरूको लागि, त्यस भित्रका सामग्रीहरू पूर्ण रूपले प्रयोग गरिसेकर मात्र, स्पष्ट रूपमा दुईवटा प्वालहरू बनाउनुहोस्, प्वालहरू बनाइएको ठाउँहरूमा मोटो कलमले गोलो चिन्ह लगाउनुहोस्, र स्प्रे क्यानहरूलाई अन्य जलाउन नसकिने फोहोरबाट अलग गर्नुहोस् र भित्रका सामग्रीहरू देख्न सकिने छुट्टै झोलामा राखेर फोहोर स्टेशनमा पूर्याउनु होला।

साना घरेलु विद्युतीय उपकरणहरु फ़्याँक्दा, त्यस भित्रका ब्याट्रीहरु हटाएर मात्र फोहोर संकलन दिनको संकलन स्टेशनमा लैजानु
होस।

कृपया नियमहरुको पालना गर्नुहोस र फोहोरलाई सही रूपमा फ़्याँक्नुहुन अनुरोध गरिएको छ।

## (३) तोचिगी आजिसाई (हाइड्रेंजिया फूल) को मेला बारे जानकारी !

यहि जून महिनाको १६ तारिक देखि जुलाई महिनाको २ तारिक सम्म, ओहिरासान् प्रांतीय प्राकृतिक पार्क भित्रको आजिसाई ओह्वालोमा, “तोचिगी आजिसाई मेला” आयोजना गरिन्छ।
ओहिरासान् जिन्ज्या (मंदिर) सम्म पुग्ने, लगभग १,००० खुड्किला भएको ढुङ्गे भर्यांगको दुबै तिर, लगभग २,५०० बोटका आजिसाई चम्किला रंगमा फुलिरहेका हुन्छन्।
तोचिगी नगरको नगरीय फूल “आजिसाई” हो। धेरै ज़सो नगरबासीहरूले, ओहिरासानको आजिसाईको फूलहरुको कल्पना गर्ने गर्दछन्, तर बर्षातको मौसममा, तपाईं यसलाई जतातते, जस्तै कि स्कूल तथा पार्कहरुमा पनि देख्न सक्नुहुन्छ।
बर्षामा भिजेका आजिसाईका फूलहरु झन सुंदर हुन्छन्। तपाईंहरु पनि मौसमी फूलहरुमा एक नज़र दिएर आफ़्नो मन शान्त पारे कसो होला ?